सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

आदेश

०८०-WF-००६१

विषय: उत्प्रेषण।

हाल काठमाडौं महानगरपालिकाको गैरकानूनी थुनामा राखेका उर्मिला चौधरीको हकमा काली चरण चौधरी---------------------------------------------------------- निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिका समेत---------------------------------------------------------- विपक्षी

यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीशहरु बिच रायमा मतैक्यता नभई सर्वोच्च अदालत नियमावली २०७४ को नियम २३ को उपनियम (१) को देहाय (क) बमोजिम यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री रमेश बडाल र श्री टंक प्रसाद दुलाल तथा विद्वान् अधिवक्ता श्री रेनुका सिटौला र विपक्षी काठमाडौं महानगरपालिका समेतका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री ओमप्रकाश अर्याल र श्री पुन देवी महर्जनले गर्नुभएको बहस समेत सुनियो।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को (छ) र (ज) मा उल्लिखित अवस्थाका बालबालिका विशेष संरक्षणको आवश्यकता भएको बालबालिका भनी उल्लेख गरेको साथै उपदफा (२) मा त्यस्तो विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण लगायत अन्य सेवा तथा सहयोग गर्नुपर्ने दायित्व जिल्ला बाल न्याय समितिमा रहेको पाइन्छ। त्यसैगरी, बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८२ (घ) ले "स्थानीय तहमा जोखिममा परेका, विशेष संरक्षण र वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार,

मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, बाबु आमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने" भनी स्थानीय तहका बालकल्याण अधिकारीको काम, कर्तव्य, अधिकार उल्लेख गरेको पाइन्छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५० को उपदफा २, ३ र ४ बमोजिम विपक्षी काठमाडौं महानगरपालिकाको बाल संरक्षण तथा बाल अधिकारसम्बन्धी कार्यविधि, २०८० को दफा ९, १० र ११ ले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बारेमा सूचना प्राप्त भएपश्चात् बाल कल्याण अधिकारीले जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्नु गराउनु पर्नेछ भन्ने लगायतको कानूनी दायित्वको व्यवस्थाहरु रहेको र सोही जिम्मेवारी बमोजिम विपक्षी महानगरपालिकाद्वारा यी बालिका उर्मिला चौधरीको उद्धार गरी निजलाई शक्ति समूह नामक गैर सरकारी संस्थाको अस्थायी संरक्षण गृहमा राखिएको देखिँदा उक्त कार्यलाई गैरकानूनी भन्न नमिलेबाट निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन पर्ने देखिएन।

अब निवेदन माग बमोजिम निज नाबालिगका पिता काली चरण चौधरीले छोरी जिम्मा लिन पाउने वा नपाउने सम्बन्धमा हेर्दा, यी निवेदक निज उर्मिला चौधरीको बाबु भएको तथ्यमा विवाद छैन। निजले आफ्नो खास आर्थिक सामाजिक परिस्थिति समेतका कारण छोरीलाई पढाउन भनी रेखा कुमारी शर्माको जिम्मा लगाई काठमाडौं पठाएको देखिन्छ। निज रेखा कुमारी अभिभावक बनी मिति २०७५।०१।१० मा श्री धुम्रवराह माध्यामिक विद्यालयमा कक्षा २(दुई) मा भर्ना गराई हालसम्म निरन्तर अध्ययन गरिरहेको भन्ने पनि देखिन्छ। निज बालिका बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (छ) बमोजिमको बाबु, आमा वा अभिभावकबाट कुनै दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले परिवारबाट अलग गरिएको भन्ने पनि देखिएन। गरिबी अपराध होइन, पढ्न पठाउने उद्देश्यले नै बाबु आमाले छोरीलाई पठाएको कार्यलाई बालिका परित्याग गरेको अर्थमा पनि बुझ्न मिलेन। यी बालिकालाई इजलास समक्ष सोधपुछ गर्दा मुख्यगरी आफ्नो पढाई निरन्तर होस्, पढाईमा बाधा नपरोस् भन्ने उद्देश्यले संस्थामा बस्ने इच्छा व्यक्त गरेको देखिएतापनि निज उर्मिला चौधरीको बुबा आमा समेतलाई साथै राखी छलफल गर्दा निजले आफ्नो बुबा आमा प्रति द्वेष वा घृणा भाव प्रकट नगरी सद्भाव र आदर नै व्यक्त गरेको देखियो।



Scanned with CamScanner

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५० ले बाल कल्याण अधिकारीले उद्धार गरेको बालबालिकालाई अस्थायी संरक्षणमा राख्ने व्यवस्था गरेको र काठमाडौं महानगरपालिका बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८० को दफा १२ ले यस्तो अस्थायी संरक्षणमा एकपटकमा बढीमा नौ महिनासम्म राखिने व्यवस्था गरेको स्थितिमा विपक्षी काठमाडौं महानगरपालिकाको आफ्नो बाल संरक्षण गृह नभएको र महानगरपालिकाले पठाएको भनेको संस्था र महानगरपालिका बिच कुनै सम्झौता, समझदारी आदि भएको समेत नदेखिएकोले बालिकाको शिक्षादिक्षा, पालनपोषणको अवस्था के हुने भन्ने सन्दर्भमा अनिश्चितता रहेको देखियो। काठमाडौं महानगरपालिकाको बाल अधिकार संरक्षण तथा बाल अधिकारसम्बन्धी कार्यविधि, २०८० को दफा १४ ले पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनःस्थापनाको व्यवस्था गरेको देखिएको र नाबालिग छोरीलाई जिम्मा लिन बाबु-आमा स्वयं रिट निवेदन लिएर आएको स्थितिमा प्राकृतिक बाबुआमा हुँदाहुँदै अन्य व्यक्ति वा संस्थालाई कानूनी संरक्षक मानी बालिका जिम्मा लगाउन मिलेन। तसर्थ यी बालिका उर्मिला चौधरीलाई यस अदालतको रजिष्ट्रारको रोहवरमा निजको बाबु एवं रिट निवेदक काली चरण चौधरी र आमा राजकुमारी चौधरीलाई जिम्मा लगाई दिनू।

तथापि बालबालिकाको हकमा जुनसुकै निर्णय गर्दा निजको विचारलाई समेत ध्यानमा राख्नुपर्ने हुन्छ। यी बालिकाको उमेर हाल १५ (पन्ध्र) वर्ष पुगेको र निजले आफ्नो इच्छा स्पष्ट व्यक्त गरेको सन्दर्भमा निजको हकमा जुनसुकै निर्णय गर्दा निजको सर्वोत्तम हित (Best Interest of Child) अनुकूल हुने गरी निर्णय गर्नुपर्ने हुन्छ। यस स्थितिमा निजको सर्वाङ्गीण विकासलाई ध्यानमा राखी यी बालिकाको काठमाडौंमा नै बसी पढाई निरन्तरता गर्ने इच्छाको सम्मान गर्नु बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १८ बमोजिम बाबु आमा र विपक्षी काठमाडौं महानगरपालिका लगायत राज्यका निकायहरुको समेत कर्तव्य देखिएकाले बालिका उर्मिला चौधरीलाई भावनात्मक रुपमा नै बाबुआमासँग पुनर्मिलन हुने र परिवारबाट अलग भएको महसुश हुने नदिने गरी निज बालिका बालिग नहुन्जेलसम्म काठमाडौं मै बसी शिक्षादिक्षा, पालन पोषण तथा उचित हेरचाहको सम्बन्धमा बालिकाको बाबुआमासँगको समझदारीमा नै आवश्यक सम्पूर्ण प्रबन्ध मिलाउनु भनी विपक्षी काठमाडौं महानगरपालिकाका नाउँमा परमादेश जारी गरिदिएको छ।

यो आदेशको कार्यान्वयनका सम्बन्धमा विपक्षी काठमाडौं महानगरपालिकाका बाल कल्याण अधिकारीले नियमित अनुगमन गरी यस अदालतको अनुगमन महाशाखामा प्रत्येक तीन

Scanned with CamScanner

महिनामा प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदनबाट बालिकाको सर्वोत्तम हित अनुकूल शिक्षादिक्ष लालनपालन भएको नदेखिएमा आवश्यक निकासाको लागि इजलास समक्ष पेश गर्न आवश्यक व्यवस्था मिलाउनू भनी यस अदालतका रजिष्ट्रारका नाउँमा यो आदेश जारी गरिदिएको छ। आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त आदेश जारी गरिदिएको छ।

न्यायाधीश न्यायाधीश न्यायाधीश

इति सम्वत् २०८१ साल आषाढ २८ गते रोज ६ शुभम्------------------------------------------------।

Scanned with CamScanner